प्रथम पटक प्रकाशित मिति २०७३।१०।२८

एकिकृत पर्यटन गुरु योजना तयार गर्ने कार्यका लागि परामर्शदाता छनौट गर्ने सम्बन्धी सिलबन्दी

## आसय पत्र मागको सूचना

यस नगरपालिकाले नगरपालिकाको सम्पूर्ण क्षेत्र र घांसीकुवा गा.वि.स., केशवटार गा.वि.स., तनहुंसुर गा.वि.स., सतिश्वारा गा.वि.स., रिस्ती गा.वि.स., क्यामिन गा.वि.स. र स्याम्घा गा.वि.स. लगायत छिमेकी अन्य केही गा.वि.स.हरु समेतलाई समेट्ने गरी तयार गर्न लागेको एकिकृत पर्यटन गुरु योजनाको लागि खुला प्रतिस्पर्धाद्वारा परामर्शदाता छनौट गर्नुपर्ने भएकोले इच्छुक योग्य परामर्शदाता कम्पनी तथा फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी रुपमा आसय पत्र माग सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. सिलबन्दी आसय पत्रका साथ सम्बन्धित निकायमा कम्पनी वा फर्म दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि लगायत नियमानुसारका अन्य आवश्यक प्रमाणपत्रहरुका प्रतिलिपि समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

२. परामर्शदाता कम्पनी तथा फर्महरुले आफ्नो आसय पत्र सिलबन्दी गरी मिति २०७३ फाल्गुण १४ गते दिनको १२.०० बजेसम्म व्यास नगरपालिका कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । रितपूर्वक प्राप्त हुन आएका आसयपत्रहरु सोही दिन दिनको २.०० बजे विभिन्न कार्यालयहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । उल्लेखित मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यो मिति पछि लगतै कार्यालय खुल्ने दिनको सोही समय तालिका अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिनेछ ।

३. एकिकृत पर्यटन गुरु योजना निर्माण गर्दा स्रोत नक्शा तयार गरी सोही आधारमा गुरु योजना तयार गर्नुपर्नेछ ।

४. यस नगरपालिकाको धार्मिक पर्यटनको प्रमुख केन्द्रको रुपमा रहेको व्यास पराशर क्षेत्रको भौतिक विकास योजना (PDP) समेत गुरु योजनामा समावेश गर्नुपर्नेछ ।

५. एकिकृत पर्यटन गुरु योजना निर्माण गर्दा धार्मिक पर्यटन, कृषि पर्यटन, जैविक पर्यटन, ऐतिहासिक तथा पुरातात्विक पर्यटन, खेल पर्यटन, सांस्कृतिक पर्यटन, जल विहार सम्बन्धी पर्यटन लगायत अन्य पर्यटन क्षेत्रका सम्भावना बोकेका विविध विषयहरुसंग सम्बन्धित, पर्यटनजन्य सम्भावनाहरुको खोजी गरी स्पष्ट ढांचामा एकिकृत पर्यटन गुरु योजना तयार गर्नुपर्नेछ ।

६. आसय पत्रका साथ अन्य निम्नानुसारका कागजातहरु संलग्न गर्नुपर्नेछ

क) पर्यटन विकास तथा गुरुयोजना सम्बन्धित प्रमाणित सामग्रीको विवरण

ख) पर्यटन विकास सम्बन्धी अध्ययन अनुसन्धान गरेको सामग्री

ग) पर्यटन विकास सम्बन्धी राष्ट्रिय/अन्तरार्ष्ट्रिय स्तरमा गोष्ठी तथा कार्यशालामा प्रस्तुती तथा सहभागिता विवरण

७. तोकिएको समय अवधिभित्र कार्यालय समयमा प्राप्त हुन नआएका तथा रित पुरा नगरी प्राप्त हुन आएका आसय पत्र उपर कुनै कारवाही हुनेछैन ।

८. आसयपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार व्यास नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

९. आसय पत्रका साथ आफ्ना अनुभवका प्रमाणपत्र, सवल प्राविधिक पक्षहरुको विवरण, तयार गर्नको लागि कवोल गर्न चाहेको रकम स्पष्ट रुपमा खुलाई आसय पत्र दर्ता गर्नुपर्नेछ ।

१०. प्राविधिक रुपमा योग्य ठहरिने परामर्शदाता, कम्पनी तथा फर्महरुलाई मात्र प्रतिस्पर्धामा सामेल गराइनेछ ।

११. अन्य सम्पूर्ण कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१२. केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र ०६५५६०२३३ र ०६५५६०१६२ मा सम्पर्क गर्न सकिनेछ ।